तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मिति २०८२ साल फागुन २८ गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री खुमलाल भुसाल | |

## तिलोत्तमा नगरपालिका

### कार्यपालिका बैठक सङ्ख्याः ८/२०८२/८३ (१८८) मितिः २०८२/११/२८ गते ।

<u>बैठकका कार्यसूचीहरूः</u>

१. भवन निर्माण मापदण्ड, २०७४ संशोधन सम्बन्धमा

२. वडा कार्यालयको भवन निर्माण सम्बन्धमा

३. विभिन्न समितिमा सदस्य मनोनयन

४. अघिल्लो कार्यपालिका बैठकका निर्णय समीक्षा सम्बन्धमा

५. विविध

**निर्णय नं. १**

तिलोत्तमा नगरपालिकाको भवन निर्माण मापदण्ड, २०७४ को बुँदा नं./दफा ३४ को गैर आवासीय उपयोग क्षेत्र सम्बन्धी व्यवस्थालाई देहाय बमोजिम हुने गरी संशोधन गर्ने ।

| क्र.सं. | हाल कायम रहेको व्यवस्था | संशोधन पछि कायम हुने व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १ | **दफा ३४ गैर-आवासीय उपयोग क्षेत्र**<br>**३४.१० औद्योगिक क्षेत्र**<br>• समूह उद्योग र सेवा केन्द्र न्युनतम प्लट साईजः २००० व.मी.<br>• अधिकतम ग्राउण्ड कभरेजः ३० प्रतिशत<br>• पहुँच मार्गको चौडाईः न्युनतम १२ मिटर<br>• वेसमेण्ट यदि पार्किङ्ग सेवाहरुमा उपयोग भएको भए फ्लोर एरिया रेस्योमा समावेस गर्न नपर्ने<br>• अधिकतम फ्लोर एरिया रेस्यो १.५ | **दफा ३४ गैर-आवासीय उपयोग क्षेत्र**<br>**३४.१० औद्योगिक क्षेत्र**<br>• समूह उद्योग र सेवा केन्द्र न्युनतम प्लट साईजः २००० व.मी.<br>• अधिकतम ग्राउण्ड कभरेजः ३० प्रतिशत<br>• पहुँच मार्गको चौडाईः न्युनतम १२ मिटर<br>• वेसमेण्ट यदि पार्किङ्ग सेवाहरुमा उपयोग भएको भए फ्लोर एरिया रेस्योमा समावेस गर्न नपर्ने<br>• अधिकतम फ्लोर एरिया रेस्यो १.५<br>**३४.११ उद्योग तथा कलकारखाना निर्माण**<br>• अधिकतम ग्राउण्ड कभरेजः ५० प्रतिशत<br>• अधिकतम फ्लोर एरिया रेस्यो १.५ | तिलोत्तमा नगरपालिकाको भू-उपयोग नक्सामा औद्योगिक क्षेत्रको रुपमा वर्गिकरण नभएका जग्गामा उद्योग तथा कलकारखाना निर्माण गर्नका लागि समेत मापदण्ड तोक्नु परेको हुँदा । |

**निर्णय नं. २**

तिलोत्तमा नगरपालिका अन्तर्गत वडा नं. २ र वडा नं. ७ को प्रशासनिक भवन निर्माणको लागि चालु आर्थिक वर्ष २०८२।८३ मा विनियोजित बजेटबाट बोलपत्र आह्वान गरी निर्माण कार्य अगाडि बढाउनु पर्ने भएकोले दुबै वडामा साबिकमा निर्माण गरिएको पुरानो कार्यालय भवन भत्काउने र सोही स्थानमा नयाँ कार्यालय भवन निर्माण कार्य अगाडि बढाउने ।

**निर्णय नं. ३**

तिलोत्तमा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन र लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ८ को उपदफा (१) को खण्ड (च) बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सञ्चालक समितिको सदस्यमा वडाध्यक्ष श्री झविलाल भुसाल र कार्यपालिका सदस्य श्री लक्ष्मी घले तथा सोही कार्यवधिको दफा १७ को उपदफा (१) को खण्ड (ग) बमोजिमको लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्य मञ्चको सदस्यमा कार्यपालिका सदस्य श्री देवकी चौधरीलाई तोक्ने ।

**निर्णय नं. ४**

मिति २०८२/१०/२८ गतेको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. ५**

श्री डेकोन एसोसिएट्स, रूपन्देहीले पेस गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक उत्तरदायी बजेट परीक्षण सम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने ।